मध्यविन्दु नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १५ मितिः २०७८/०५/२९

## भाग-२
## मध्यविन्दु नगरपालिका

### नमुना आधारभूत विद्यालय व्यवस्थापन कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८/०५/२९
नगरप्रमुखबाट प्रमाणिकरण मितिः २०७८/०५/२९
राजपत्रमा प्रकाशित मितिः २०७८/०५/३०

**प्रस्तावनाः** आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निशुल्क हुने संबैधानिक व्यवस्था अनुसार मध्यबिन्दु नगरपालिका अन्तरगतका आधारभूत विद्यालयलाइ थप सुदृढ गर्दै शैक्षिक पहुंच सुनिस्चित गरी आधुनिक शिक्षण विधि मार्फत शैक्षिक गुणस्तरमा सुधार ल्याइ अभिभावक तथा वालवालिकाको पहिलो रोजाइको रुपमा आधारभूत विद्यालयलाइ विकास गर्न प्रत्येक वडामा आधारभूत तहको एक विद्यालयलाइ गुणस्तर अभिबृद्धिमा उदाहरणीय र नेतृत्वदायी भूमिका खेल्न सक्ने नमुना विद्यालयको रुपमा स्थापना गर्ने मध्यबिन्दु नगरपालिकाको लक्ष्य अनुसार मध्यबिन्दु नगरपालिकाको शिक्षा ऐन २०७८ को दफा ४३ को उपदफा १ (ह) ले दिएको अधिकार प्रयोग गरी मध्यबिन्दु नगरपालिकाको स्वीकृत नमुना आधारभूत विद्यालय कार्यक्रम व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद १ः संक्षिप्त नाम, प्रारम्भ र परिभाषाः

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम "नमुना आधारभूत विद्यालय व्यवस्थापन कार्यविधि–२०७८" रहने छ । यो कार्यविधि मध्यविन्दु नगरकार्यपालिका बाट स्वीकृत पश्चात लागु हुने छ।

**१.२) परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

१. "ऐन" भन्नाले मध्यबिन्दु नगरपालिकाको शिक्षा ऐन २०७८ सम्झनु पर्दछ ।

२. "कार्यविधि" भन्नाले नमुना आाधारभूत विद्यालय व्यवस्थापन कार्यविधिलाई सम्झनु पर्दछ ।

३. "कार्यपालिका" कार्यपालिका भन्नाले मध्यबिन्दु नगर कार्यपालिकालाइ सम्झनु पर्दछ।

४. "नगर शिक्षा समिति" भन्नाले नगर शिक्षा ऐन -२०७८ बमोजिम गठित मध्यबिन्दु नगर शिक्षा समितिलाई सम्झनु पर्दछ।

५. "शाखा" शाखा भन्नाले मध्यबिन्दु नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ

६. "व्यवस्थापन समिति" भन्नाले सामुदायिक विद्यालयमा गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

७. "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकत विद्यालय सम्झनु पर्दछ।

८. "स्थानीय तह" भन्नाले मध्यविन्दु नगरपालिका सम्झनु पर्दछ ।

९. "नमुना आधारभूत विद्यालय" भन्नाले यसै कार्यविधि बमोजिम छनौटमा परेका नमुना आधारभूत विद्यालय सम्झनु पर्दछ।

## परिच्छेद २ः उद्देश्य, अपेक्षा तथा बजेट सिमा

**२.१ उद्देश्यः**

१) यो कार्यविधि जारि गर्नुको उद्देश्य देहायअनुसार रहेको छ

क) नमुना आधारभूत विद्यालयको छनौट, विकास, संचालन तथा व्यवस्थापन लागी मार्गदर्शन गर्नु,

ख) गुणस्तरीय शिक्षामा बालबालिकाहरुको सहज पहुँचको आधार तयार गर्नु,

ग) गुणस्तरीय शिक्षाका लागि विद्यालयहरुमा उदाहरणीय तथा नेतृत्वदाई विद्यालयको रुपमा विकास गर्नु,

**२.२ अपेक्षाः**

मध्यबिन्दु नगरपालिका अन्तरगतका आधारभूत विद्यालयहरु मध्ये प्रत्येक वडामा एक नमुना आधारभूत विद्यालयको विकास गर्ने नीतिका आधारमा कक्षा-८ सम्म मात्र संचालित विद्यालयहरुलाइ नमुनाको रुपमा विकास गर्ने जसवाट विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय पक्षमा सुधार गर्दै गुणस्तर अभिवृद्धि हुने अपेक्षा गरीएको छ।

**२.३ वजेट र सिमाः**

नमुना आधारभूत विद्यालय विकासको लागि नगरपालिकाबाट प्रति वर्ष प्रति विद्यालय ५ लाखका दरले ५ वर्षसम्मको लागी कम्तिमा २५ लाख नमुना विद्यालय विकासको लागी शैक्षिक तथा व्यवस्थापकीय पक्षमा खर्च गर्ने गरी बजेट बिनियोजन गरिनेछ।

## परिच्छेद ३ः नमुना आधारभूत विद्यालय छनौटका न्युनतम आधारहरु र विद्यालय छनौट प्रक्रिया

**३.१ नमुना आधारभूत विद्यालय छनौटका न्युनतम आधारहरुः**

१) यो कार्यविधिमा उल्लेख भए अनुसारको प्रक्रिया तथा मापदण्डका आधारमा नमुना आधारभूत विद्यालय विकास गर्न विद्यालय छनौटका लागी निम्न अनुसारको आधारहरु सहितको सर्त तथा कागजात हुनुपर्नेछ।

क) आधारभूत विद्यालय हुनुपर्नेः प्रारम्भिक बालशिक्षा देखि कक्षा-८ सम्म संचालन भएको सामुदायिक विद्यालय हुनुपर्नेछ ।

ख) आधारभूत तहसम्म संचालित सामुदायिक विद्यालयले ५ वर्षसम्म आधारभूत तहभन्दा माथिल्लो कक्षा माग नगर्न प्रतिवद्धता सहित विद्यालय व्यवस्थापन समितिको निर्णयबाट कवुलियतनामा गरेको हुनुपर्नेछ।

ग) पर्याप्त जग्गा भएको हुनुपर्नेः नमुना आधारभूत विद्यालयका रूपमा विकास गर्न भौतिक र शैक्षिक पूर्वाधार निर्माणका लागि तराइमा भए न्युनतम् १ विघा र पहाडमा भए १३ रोपनी जग्गाहुनु पर्नेछ र जग्गा विद्यालयको हाताभित्र हुनुपर्नेछ।

घ) लिखित प्रतिवद्धता र सिफारीस पेश गर्नुपर्नेः नमुना विद्यालयका रूपमा विकास तोकिएको शर्त वन्देज वमोजिम काम गर्ने गरी विद्यालय व्यवस्थापन समिति र वडा कार्यालयको लिखित प्रतिबद्धता पेश गर्नुपर्नेछ।

ङ) विद्यार्थी संख्याः नमुनाको लागि छनौट हुने विद्यालयमा कम्तिमा कुल विद्यार्थी संख्या १६० जना हुनुपर्नेछ। तथा आगामी ५ वर्षभित्र हाल भईरहेको विद्यार्थी संख्यामा कम्तिमा ५०% वृद्धि गर्ने कार्ययोजना रहन पर्नेछ।

च) विधुत तथा इन्टरनेटको पहुच हुनुपर्ने छ।

छ) अन्य सर्तहरुः विद्यालय व्यवस्थामपन समिति गठन भइ क्रियाशिल रहेको, सामाजिक परीक्षण र लेखा परीक्षण तोके वमोजिम भएको साथै ससर्त तर्फका र स्थानीय तहका कार्यक्रमहरु उदेश्य अनुसार संचालन गरी समयमानै विद्यालयले प्रतिवेदन तथा तथ्यांक पेश गरेको हुनुपर्नेछ ।

**३.२ नमुना आधारभूत विद्यालय छनौट प्रक्रियाः**

क) मध्यबिन्दु नगरपालिकाले निर्धारित आधारहरु सहित कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकासन गरी प्रस्ताव आब्हान गर्नेछ।

ख) नमुना आधारभूत विद्यालय छनौटका लागि न्यूनतम मापदण्ड पुरा गरेका इच्छुक आधारभूत विद्यालयले अनुसूची १ बमोजिमको फाराम भरि सो संग सम्बन्धित कागजात प्रमाणित गरी प्रस्ताव सहित शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्ने छ।

ग) प्रस्तावित विद्यालयाको मुल्यांकन अनुसूची २ बमोजिम हुनेछ ।

घ) नमुना आधारभूत विद्यालय मुल्यांकनको लागि पेश भएका प्रस्तावहरु तोकिएको मुल्यांकनका आधारमा शिक्षा युवा तथा खेलकुद शाखाले आवश्यक मुल्यांकन गरी नगर शिक्षा समितिमा निर्णयको लागी सिफारिस गर्दछ।

ङ) शिक्षा युवा तथा खेलकुद शाखाको सिफारीस अनुसार नगर शिक्षा समितिले निर्णय गर्नेछ।

## परिच्छेद ४ः कार्यक्रम कार्यान्वयन प्रक्रिया

**४.१ कार्यक्रम कार्यान्वयन प्रक्रियाः** विद्यालयले कार्यक्रम कार्यान्वयन गर्दा तपशिल अनुसार गर्नु पर्नेछ।

क) छनौटमा परेका नमुना आधारभूत विद्यालय विद्यालयले अनुसूची ३ बमोजिमको सम्झौता फाराम भरि नगरपालिका संग सम्झौता गर्नुपर्ने छ ।

ख) विद्यालयले सम्झौता पश्चात ५ वर्षे विद्यालय सुधार गुरुयोजना निर्माण गर्नुपर्ने छ जसमा शैक्षिक तथा व्यवस्थापकीय पक्षमा सुधार ल्याउने गरी शैक्षिक सामाग्री, ई हाजिरी, कक्षा कोठाको फर्निचर, तथा व्यवस्थापन, पुस्तकालय र प्रयोगशालाको व्यवस्थापन, शिक्षण सिकाइमा ICT को प्रयोग, शिक्षकहरुमा ICT कोप्रयोग सम्बन्धि क्षमता विकास, CC Camera, अभिभावक शिक्षा, प्राथमिक उपचार तथा परामर्श कक्षको स्थापना, खानेपानी सरसफाई तथा स्वच्छ वातावरण, हरित विद्यालय चमेना गृहको व्यवस्थापन (भाडाकुडा लगायत), घेरावार, बगैचा तथा फुलवारी व्यवस्थापन, खेलमैदान व्यवस्थापन,



मध्यबिन्दु नगरपालिका

शिक्षक तथा कर्मचारी संग कार्यसम्पादन करार, सरोकारवालाहरुको आचारसंहिता निर्माण र कार्यान्वयन, बालमैत्री विद्यालयको न्युनतम मापदण्डको कार्यान्वयन जस्ता विषयक्षेत्र मा रही कार्यक्रम कार्यान्वयन गर्नुपर्ने छ ।

ग) विद्यालय सुधार गुरुयोजना शिक्षा, युवा तथा खेलकुद शाखाको समन्वयमा विद्यालयले निर्माण गर्नुपर्ने छ।

घ) छनौटमा परेका विद्यालयले कार्यक्रमको अवधि सम्म प्रत्येक वर्ष विद्यालय सुधार योजनामा समाबेश कार्यक्रमहरुको कार्ययोजना र विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार सम्झौताका लागी फाइल पेश गर्नुपर्ने छ।

ङ) नमुना आधारभूत विद्यालयको कार्यक्रम प्राप्त विद्यालयले प्रत्येक आर्थिक वर्षको अन्त्यमा कार्यक्रम प्रगारी विवरण तथा विद्यालयसुधार योजनाको अध्यावधिक गर्री नगर शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ

**४.२ कार्यसम्पादन करार**

(१) नमुना आधारभूत विद्यालयका प्रधानाध्यापकले शैक्षिक सूचक बनाइ सिकाइ उपलब्धि वृद्धि प्रक्षेपणसहितको नतिजा खाकाका आधारमा नगरपालिका समक्ष कार्यसम्पादन करार गर्नुपर्ने छ ।

(२) नमुना आधारभूत विद्यालयका प्रधानाध्यापकले शैक्षिक सूचक बनाइ सिकाइ उपलब्धि वृद्धि प्रक्षेपणसहितको नतिजा खाकाका आधारमा शिक्षक समक्ष कार्यसम्पादन करार गर्नुपर्ने छ ।

## <u>परिच्छेद ५ः कार्यक्रमको अनुगमन तथा विविध</u>

**५.१ कार्यक्रमको अनुगमनः**

कार्यक्रमको अनुगमन मध्यबिन्दु नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखा, वडा कार्यालयवाट अनुगमन गरीनेछ।

**५.२ खारेजी र बचाउः**

(१) यो कार्यविधि जारि हुनु पुर्व तयार भएको नमुना आधारभूत विद्यालय छनौट कार्यविधि २०७७ खारेज गरीएको छ।

(२) यस कार्यविधि जारी हुनुपुर्व छनौटमा परेका विद्यालय यसै कार्यविधिबमोजिम भएको मानिनेछ।

मध्यबिन्दु नगरपालिका

# अनुसूची १

## नमुना आधारभूत विद्यालय छनौटका लागी दिने आवेदन

श्री मध्यबिन्दु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासि (व.सू.पू)

**विषयः नमुना आधारभूत विद्यालय छनौट सम्बन्धमा।**

प्रस्तुत विषयमा मध्यबिन्दु नगरपालिका को मिति ......................मा प्रकाशित सूचनाअनुसार शैक्षिक सत्र ..................देखि ............................विद्यालयले नमुना आधारभूत विद्यालय व्यवस्थापन कार्यविधि २०७८ मा तोकिएका न्युनतम सर्तहरु पुरा गरेकोले नमुना आधारभूत विद्यालयको रुपमा छनौट हुन देहायअनुसारका विवरण सहित निवेदन गरीएको छ :

तपशिल

विद्यालयको विवरणः

१) विद्यालयको नाम : ................
२) IEMIS कोड : ..................
३) ठेगाना : ..................
४) विद्यालयको किसिमः ................
५) संचालित कक्षा : ....................
६) विद्यालयको विवरणः.

| क.स | सूचक | विवरण |
|---|---|---|
| १ | विद्यालयसंग भएको जग्गा | क) ............विगाह वा ................ रोपनी |
| २ | भौतिक पूर्वाधारको अवस्था | क) कक्षाकोठाको अवस्था i) कक्षाकोठा संख्या.......<br>ii) प्रयोग भएका ..........iii) प्रयोग नभएका...........<br>ख) खानेपानी धारा संख्या..............., शौचालय संख्या............<br>छात्रा र छात्र शौचालय अनुपात..........शौचालयमा WASH सुविधा भए नभएको ................<br>ग) विद्यालय खेल मैदान प्रयाप्तता |
| ३ | विद्यार्थी संख्या | क) प्रारम्भिक बाल बिकास केन्द्र विद्यार्थी संख्या ............<br>ख) आधारभूत तह कक्षा (१-५) विद्यार्थी संख्या;.............<br>ग) आधारभूत तह कक्षा (६-८) विद्यार्थी संख्या;............. |

मध्यबिन्दु नगरपालिका

<table>
<tr><td>४</td><td>विगत दुइ वर्षको कक्षा ८ को नतिजा</td><td>
<table>
<tr><td>विवरण</td><td>शैक्षिक वर्ष....</td><td>शैक्षिक वर्ष....</td></tr>
<tr><td>सम्मिलित संख्या</td><td></td><td></td></tr>
<tr><td>उत्तीर्ण/ GPA १.६ भन्दा बढी संख्या</td><td></td><td></td></tr>
</table>
नोटः कक्षा ८ परीक्षाका विद्यार्थीको उतिर्ण प्रतिशत गणना गर्दा GPA १.६ र सो भन्दा माथि GPA प्राप्त गर्ने विद्यार्थीहरुको प्रतिशतलाइ आधार मान्ने</td></tr>
<tr><td>५</td><td>विधुत र इन्टरनेट को पहुँच</td><td>क) विद्यालयमा राष्ट्रिय वा स्थानीय प्रशारणबाट विधुत आपूर्ति व्यवस्था भएको, नभएको...............<br>ख) वैकल्पिक उर्जाको व्यवस्था भएको , नभएको,.......<br>ग) विद्यालयमा इन्टरनेट पहुँच भएको, नभएको, ..........</td></tr>
<tr><td>६</td><td>विद्यालयको अवस्थिति</td><td>क) मोटरवाटोको सुविधा सहित गाउँ र सरोकारवालाको सहज पहुंच भएको नभएको......<br>ख) नगर उन्मुख शहरीकरणको सम्भावना भए नभएको ...............<br>ग) अधिकांश समुदाय वस्तीको पाएक मिले नमिलेको,...............</td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table>

**७) संलग्न गर्नुपर्ने कागजातहरु**

१) विद्यालयको नाममा भएको जग्गा धनि प्रमाणपत्र वा सम्बन्धित निकायले दिएको भोगाधिकार पत्रको प्रमाणित प्रतिलिपि

२) विद्यालय अनुमति/ स्वीकृति / सम्बन्धन पत्रको प्रमाणित प्रतिलिपि\

३) विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि

४) अद्यावधिक विद्यालय सुधार योजनाको प्रमाणित प्रतिलिपि

५) गत आर्थिक वर्षको लेखापरीक्षण र सामाजिक परीक्षणको प्रतिवेदनको प्रामाणित प्रतिलिपि

६) चालु शैक्षिक सत्रमा भरेको शैक्षिक तथ्यांकको प्रमाणित प्रतिलिपि

७) गत दुई शैक्षिक वर्षको कक्षा -८ परीक्षाको नतिजाको प्रमाणित प्रतिलिपि

८) अन्य आवश्यक कागजातहरु

मध्यविन्दु नगरपालिका

## अनुसूची २
## विद्यालयको मुल्यांकनको आधार

१. विद्यालयसंग भएको जग्गाको प्रयाप्तताः अधिकतम् २० अंक

- न्युनतम् भएमा १५ अंक, न्युनतमको २५% सम्म वढी भएमा १७ अंक र सोभन्दा वढी भएमा २० अंक

२. विद्यालयको पूर्वाधारको अवस्थाः कक्षाकोठाको अवस्था, खानेपानी र शौचालय, खेल मैदान) -१५

३. विद्यार्थी संख्या :अधिकतम् २० अंक

- न्युनतम् भएमा १५ अंक, न्युनतमको २५% सम्म वढी भएमा १७ अंक र सोभन्दा वढी भएमा २० अंक

४. कक्षा ८ परीक्षा नतिजा वापतः २० अंक

- विद्यार्थीहरूको २ वर्षको सिकाइ उपलव्धिको औषतवाट निम्न सुत्रको प्रयोग गरी निर्धारण गरिने छ ।

$$= \frac{२० \times \text{प्रथम वर्षको उतिर्ण प्रतिशत} + २० \times \text{दोश्रो वर्षको उतिर्ण प्रतिशत}}{२}$$

(नोटः कक्षा ८ वा सो भन्दा तल्लो कक्षाको परीक्षाका विद्यार्थीको उतिर्ण प्रतिशत गणना गर्दा GPA १.६ र सो भन्दा माथि GPA प्राप्त गर्ने विद्यार्थीहरुको प्रतिशतलाइ आधार मान्ने)

५. विधुत र इन्टरनेटको पहुंच भएमाः १० अंक

- विधुत भएमा ५ अंक र इन्टरनेट संजालको पहुंच भएमा ५ अंक

६. विद्यालयको अवस्थिति र सम्भाव्यता वापतः १५ अंक

- मोटरवाटोको सुविधा सहित गाउँ र सरोकारवालाको सहज पहुंच भएमा ५ अंक, नगर उन्मुख शहरीकरणको सम्भावना भएमा १० अंक, अधिकांश समुदाय वस्तीको पाएक मिलेमा माथीको दुवै अवस्था भएमा १५ अंक

मध्यबिन्दु नगरपालिका

# अनुसूची ३

## नमुना आधारभूत विद्यालयको लागी सम्झौता पत्र

मध्यबिन्दु नगरपालिकाबाट चालु आ.व. २०७७/०७८ मा स्वीकृत कार्यक्रम आधारभूत तह(कक्षा-८ सम्म) संचालित विद्यालयलाई नमुना विद्यालय बनाउने कार्यक्रममा छनौटमा परेको विद्यालय विद्यालय श्री ...................................... जसलाई दोश्रो पक्ष भनिएको र मध्यबिन्दु नगरपालिका जसलाई प्रथम पक्ष भनिएको विच निम्न अनुसारका शर्त हरुमा रही तोकिए अनुसारको समय सिमा भित्र कार्यक्रम सम्पन्न गर्न मन्जुरी भइ सम्झौता गरिएको छ।

कार्यक्रमको नामः **आधारभूत तह(कक्षा-८ सम्म) संचालित विद्यालयलाई नमुना विद्यालय बनाउने**

कार्यक्रमको बजेटः **...............**

कार्यक्रम कार्यान्वयन गर्ने विद्यालयः.....................................................................

क) प्रथम पक्षले पालना गर्नुपर्ने शर्तहरुः

१) स्वीकृत कार्यक्रम अनुसार विद्यालयले वि.व्य.स को निर्णय सहित पेश गरेको कार्यक्रम र खर्च कार्य योजना अनुसारको रकम अनुदानको रुपमा विद्यालय खातामा निकासा दिने।

२) कार्यल्क्रम अनुसार तोकिएको मापदण्डका शैक्षिक गुणस्तर सुधार केन्द्रित सामाग्रीहरुको व्यवस्थापन गर्न विद्यालयहरु लाइ निर्देशन गर्ने।

३) सम्झौता अनुसार सामाग्री व्यवस्थापन गरे नगरेको निरीक्षण अनुगमन गर्ने ।

ख) दोश्रो पक्षले पालना गर्नुपर्ने शर्त वा आधारहरु

१) दोश्रो पक्षले नमुना आधारभूत विद्यालय व्यवस्थापन कार्यविधि २०७८ अनुसारका सर्तहरु, विद्यालय सुधार गुरुयोजना अनुरुप विद्यालय संचालन तथा खर्च कार्ययोजना समेत समेत बनाइ वि.व्य.स बाट निर्णय गरी कार्यक्रम संचालन गर्नुपर्ने छ।

२) विद्यालयले स्वीकृत कार्यक्रम अनुसारको प्रस्तावित विवरण अनुसारको सामाग्रीहरु खरिद गर्ने प्रयोजनका लागि विद्यालय व्यवस्थापन समितिको वैठकवाट निर्णय गरी सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली तथा विद्यालय खरिद दिग्दर्शनको पूर्ण पालना हुने गरी खरिद गर्ने।

३) विद्यालयले कार्यक्रम अनुसार खरिद गरेका सामाग्रीहरु विद्यालयको जिन्सी अभिलेख रजिस्टरमा अनिवार्य रुपमा अभिलेखीकरण गर्नुपर्ने।

४) विद्यालयले स्वीकृत कार्यक्रमअ नुसारको कार्य .................. गते सम्म सम्पन्न गरिसक्नुपर्नेछ।

मध्यबिन्दु नगरपालिका

५) दोश्रो पक्ष विद्यालयले प्रत्येक वर्ष कार्यक्रम अनुसारका खर्च भएको विल भरपाई प्रमाणित गरी सम्पूर्ण कार्यक्रमको प्रगति प्रतिवेदन कार्यक्रम सम्पन्न भएको १० दिन भित्र नगर शिक्षा शाखामा प्रतिवेदन पेश गर्नुपर्ने छ ।

६) विद्यालयले प्रत्येक वर्ष नियमानुसार यस कार्यक्रमको समेत लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्नु पर्ने छ।

ग) कार्यक्रम सम्झौतामा तोकिएको शिर्षकमा मात्र विद्यालयले खर्च गर्नुपर्ने छ तोकिएको शिर्षक भन्दा अन्य शिर्षकमा खर्च गर्न पाइने छैन।

घ) सम्झौतामा कुनै कुराहरु थप घट गर्नुपर्ने भएमा दुवै पक्षको जानकारी र आपसी सल्लाहबाट गर्नुपर्ने छ ।

उपरोक्त बमोजिम गर्न गराउन दुवै पक्ष मन्जुरी छौं।

विद्यालयको तर्फवाट (दोश्रो पक्ष)

प्रधानाध्यापकको नाम:........................

दस्तखतः

वि.व्य.स अध्यक्षको नाम.........................

दस्तखतः

विद्यालयको छाप:

नगरपालिकाको तर्फवाट (प्रथम पक्ष)

नाम:

पद: प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

नाम:

पद: शिक्षा शाखा प्रमुख

दस्तखत:

कार्यालयको छाप:

**<u>रोहवर</u>**

नाम: ............

पद: .....

दस्तखत:

**सम्झौता मितिः**

मध्यविन्दु नगरपालिका